# सर्वोच्च अदालत

## काठमाडौं

## सम्माननीय प्रधान न्यायाधीशज्यूसँग भियतनामका महामहिम प्रधान न्यायाधीशज्यूको शिष्टाचार भेट

सम्माननीय प्रधान न्यायाधीश गोपाल पराजुलीज्यूसँग जनवादी गणतन्त्र भियतनामको सर्वोच्च अदालतका महामहिम प्रधान न्यायाधीश ग्वे ह्वा बिन (Nguyen Hoa Binh) ज्यूले आज सर्वोच्च अदालतमा शिष्टाचार भेटवार्ता गर्नुभएको छ ।

चारदिने नेपाल भ्रमणमा रहनुभएका भियतनामको सर्वोच्च अदालतका महामहिम प्रधान न्यायाधीश बिनले सम्माननीय प्रधान न्यायाधीश पराजुलीसँग भेटवार्ता गर्दै सम्माननीय प्रधान न्यायाधीशज्यूले गतवर्ष गर्नुभएको भियतनाम भ्रमणको स्मरण गर्दै नेपाल र भियतनामबीच रहेको कुटनीतिक सम्बन्धलगायत विभिन्न नेपाली तथा भियतनामी पर्यटक एवम् व्यवसायीहरुले समय-समयमा गर्ने गरेको भ्रमणको आदानप्रदानले द्विपक्षीय सम्बन्धलाई सुदृढ तुल्याउँदै आएको बताउनुभयो । साथै, उहाँले भियतनामको न्यायप्रणाली र भियतनाममा भइरहेको कानूनी तथा न्यायिक सुधारका विविध विषयका बारेमा सम्माननीय प्रधान न्यायाधीश पराजुलीलाई जानकारी गराउनुभयो । सोही सिलसिलामा नेपाल भ्रमणमा रहनुभएका महामहिम प्रधान न्यायाधीश बिनले आफूहरु नेपालको न्यायपालिकासँग संस्थागत र व्यावसायिक सम्वन्ध स्थापना गरी न्याय र कानूनको विविध विधामा सहयोग र सहकार्य गर्न इच्छुक रहेको समेत बताउनुभयो ।

सम्माननीय प्रधान न्यायाधीश पराजुलीले भियतनामको सर्वोच्च अदालतका महामहिम प्रधान न्यायाधीश बिनलाई सर्वोच्च अदालतमा स्वागत गर्न पाउँदा खुसी लागेको बताउँदै गत बर्ष आफूले भियतनाम भ्रमणका क्रममा भएको भेटवार्ता र सामिप्यताको स्मरण गर्नुभएको थियो । साथै, उहाँले नेपाल र भियतनामबीच रहेको व्यावसायिक तथा पर्यटकीय सम्वन्धको चर्चा गर्दै भियतनामको प्रधान न्यायाधीशको रुपमा भएको उच्चस्तरीय न्यायिक भ्रमण दुवै देशको कुटनीतिक सम्वन्ध तथा न्यायपालिकाको तहमा संस्थागत सम्बन्धलाई विशेष रुपमा प्रवर्द्धन गर्न महत्वपूर्ण रहेको बताउनुभयो । साथै, उहाँहरुले भविष्यमा दुवै देशका न्यायपालिकाले जनशक्ति विकास र न्यायिक विकासको कार्यमा सहकार्य गर्नसक्ने क्षेत्रहरु पहिचान गरी संस्थागत र व्यावसायिक सम्बन्ध सुदृढीकरणका लागि क्रियाशील रहने बताउनुभयो ।

भेटवार्ता कार्यक्रममा भियतनामको सर्वोच्च अदालतका महामहिम प्रधान न्यायाधीश बिनले नेतृत्व गर्नुभएको भ्रमणदलका सदस्यहरु समेतलाई स्वागत र सम्बोधन गर्दै सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदीले नेपालको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना, अदालतमा सूचना प्रविधिको प्रयोग तथा जनताको न्यायमा पहुँचको स्थितिको सुनिश्चितताका लागि नेपालको न्यायपालिकाले गरेका विभिन्न कार्यहरुका बारेमा संक्षेपमा विस्तार गर्नुभयो । साथै, उहाँले नेपालको संविधान जारी भएपछि स्थापित संघीय स्वरुपको न्यायिक संरचना, अदालत तथा न्यायिक निकायको अधिकारक्षेत्रलगायत न्यायपालिकाले हालैका दिनमा गरिरहेका सुधारसम्बन्धी विविध कार्यका बारेमा समेत भ्रमणदललाई जानकारी गराउनुभयो ।

भेटवार्तापश्चात् नेपाल भ्रमणमा रहनुभएका भियतनामको सर्वोच्च अदालतका महामहिम प्रधान न्यायाधीश बिनले आफू र आफ्नो भ्रमणदलले नेपालको भ्रमण गरी न्यायिक विषयमा जानकारी हासिल गर्न पाउँदा हर्षित भएको बताउँदै भविष्यमा उपयुक्त समयमा भियतनामको भ्रमण गर्न सम्माननीय प्रधान न्यायाधीश पराजुलीलाई निमन्त्रणासमेत गर्नुभयो ।

कार्यक्रममा भ्रमणकलाका तर्फबाट नेपालका लागि भियतनामका महामहिम राजदूत टोन सिन थान (Ton Sinh Thanh), भियतनामका विभिन्न शहरका महामहिम मुख्य न्यायाधीशहरु, सर्वोच्च अदालतका अधिकृतहरु तथा राजदूतावासका अधिकृतहरु सहभागी हुनुहुन्थ्यो भने नेपालका तर्फबाट सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार नहकुल सुवेदी, का.मु रजिस्ट्रार महेन्द्रनाथ उपाध्याय, नेपालस्थित भियतनामको वाणिज्यदूतावासका अवैतनिक वाणिज्यदूत राजेशकाजी श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सहसचिव दुर्गाप्रसाद भण्डारी, सर्वोच्च अदालका सहरजिस्ट्रारहरुलगायत अन्य अधिकृतहरुको उपस्थिति थियो ।

(जमेन्द्रकुमार कालाखेती)
सहायक प्रवक्ता/उपरजिष्ट्रार

२०७४ साल मंसिर ८ गते,, शुक्रबार
सर्वोच्च अदालत, काठमाण्डौ ।